# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
लुंग्री गाउँपालिका,
रोल्पा ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट लुंग्री गाउँपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ४७ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३३ लाख २६हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० लाख ७७ हजार र पेश्की रु.१ करोड २ लाख ४४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०५।१५ माजारी गरिएको लेखापरीक्षण प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ९ (नौ) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**लुंग्री गाँउपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । प्रदेश नं. ५ मा अवस्थित यो गाउँपालिका अर्न्तगत ७ वडा, ३९सभा सदस्य, १३५ व.कि.मि. क्षेत्रफल र २३८०० जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | . | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ० | १ | **चालु खर्च** | | १४९२६३०७५ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | | १२५८९०३४४ |
| | ख) बैंक | | ५७६०९८५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ० | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | ११३६९७२ | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ० | | ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | १८४१९०००० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | ६४७९१८७१ | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | | ७५००० |
| | घ) विशेष अनुदान | | ४६३९८२६८ | ६ | **कोष खर्च** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ० | ७ | **मौज्दात** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | ० | | क) नगद मौज्दात | | ० |
| | ख) सशर्त अनुदान | | ० | | ख) बैंक मौज्दात | | २७४४८९३५ |
| | ग) समपूरक अनुदान | | ० | ८ | नेपाल सरकार फिर्ता | | ० |
| | घ) विशेष अनुदान | | ० | ९ | भुक्तानी हुन बाँकी चेक | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | | | | ० |
| १० | **धरौटी आय** | | ३९९२५८ | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय** | | ० | | | | ० |
| | **जम्मा** | | **३०२६७७३५४** | | **जम्मा** | | **३०२६७७३५४** |

| दफा नं. | भौ.नं , मिति , व्यहोरा | वेरुजु रकम रु. |
|---|---|---|
| १. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण गरे गराएको छैन । कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण व्यवस्था :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा गाउँपालिकाले आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले नियम ९१ अनुसारको वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ वमोजिम तालुक कार्यालयले निरीक्षण गरेको नदेखिएको, भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणबाट फर्केपछि भ्रमण प्रतिवेदन दिने नगरेको, निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको, प्रक्षेपण अनुसार आन्तरिक आय उठन नसकेको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ अनुसार कार्यालयलाई आवश्यक पर्ने मालसामान, निर्माण कार्य तथा परामर्श सेवाको विवरण तयार गर्नुपर्ने, दफा ६ अनुसार खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नुपर्नेमा खरिद योजना तयार नगरेको,कार्यालयको अभिलेख प्रणालीलाई समयवद्ध बनाउन वित्तीय सूचना प्रणालीलाई पूर्णरुपमा उपयोग नगरेको, स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका अनुसारऔषधिको लागत अनुमान तयार गर्दा उत्पादित औषधिहरुको खुद्रा मूल्यमा १५ प्रतिशत घटाउनुपर्ने व्यवस्था भएकोमा नघटाईतयार गर्ने गरेको,कार्यालयको अभिलेख प्रणालीलाई समयवद्ध बनाउन वित्तीय सूचना प्रणालीलाई पूर्ण रुपमा उपयोग नगरेको देखिएको छ । उल्लिखित व्यहोरालाई कार्यालय प्रमुखले संवोधन गरी कार्यालय संचालन गर्नुपर्दछ । | |
| ३. | **सेवा प्रवाह :** स्थानीय सरकार संचालन ऐन, २०७४ को प्रस्तावना समेतबाट सेवा प्रवाह सुदृढ, पारदर्शी हुनुपर्ने व्यवपस्था छ । गाउँपालिका र मातहतका निकायमा ३१दरवन्दी रहेकोमा १३ को पदपूर्ति नभएको, सेवा संचालनमा विद्युतीय माध्यमको पूर्ण उपयोग नभएको, नागरिक वडापत्र नरहेको, पेश्की फछ्र्यौट समयमै हुन नसकेको, घर नक्सा पास गर्ने र फोहरमैला व्यवस्थापन गर्ने काम शुरु नगरेको, रु. ४९८,३३०।०० मा खरिद भएका ६ प्रकारका इन्जिनियरिङ सामान प्रयोग नगरेको जस्ता कमी कमजोरीहरु देखिएका छन् । उल्लिखित कमजोरीलाई कार्यालय प्रमुखले संबोधन गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| ४. | **गाउँसभा वैठक** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ मा सभाको वैठक वर्षको २ पटक बस्न सक्ने उल्लेख छ । २०७४।७५ मा पारित २०७४।७५ को वार्षिक बजेट तथा नीति कार्यक्रम ६ पटक सम्म वसेको देखिन्छ । । ऐनमा भएको व्यवस्था वमोजिम वैठक वस्नुपर्दछ । | |
| ५. | **नीति तथा कार्यक्रमा संशोधन** : स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार वजेट तथा कार्यक्रम तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाको नीति तथा कार्यक्रम र वार्षिक वजेट २०७४।४२७ मा पारित गरेकोमा २०७४१२।२६ र २०७५।२।२१ को सभाको वैठक बसी ६७ कार्यक्रममा संशोधन गरेको छ । ऐनमा भएको व्यवस्था वमोजिम वजेट तथा कार्यक्रम प्रस्तुत गरिसकेपछि पटक पटक नीति तथा कार्यक्रम संशोधन गर्दा आयोजना कार्यान्वयन तालिका प्रभावित हुने, समयमा काम सम्पन्न नहुने र पारित नीति तथा कार्यक्रममा परेका कार्यक्रमहरुको विश्वसनियता नरहने हुँदा ऐनमा भएको व्यवस्था वमोजिम नीति तथा कार्यक्रमा स्थिरता ल्याउनुपर्दछ । यसका केही उदाहरण निम्न छन् : | |

| सि.न | साविक कार्यक्रम | बजेट रु. | संशोधित कार्यक्रम | बजेट रु. |
|---|---|---|---|---|
| १ | कर्मचारी प्रतिनिधि क्षमता विकास | १५००००० | मोटर बाटो निर्माण | १००००० |

| | | | | |
|---|---|---|---|---|
| २ | क) सिपमुलक रोजगार मुलक व्यवसायीक तालिम<br>ख) वाल विवाह न्युनिकरण<br>ग) विपद व्यवस्थापन | ३०००००० | विभिन्न मोटर बाटो निर्माण | ३०००००० |
| ३ | विद्युत्त लाईन विस्तार | ३००००० | गाँउघर क्लिनिक भवन निर्माण | ३००००० |
| ४ | विद्युत्त लाईन विस्तार | ५००००० | मोटरबाटो निर्माणमा थप | ५००००० |
| ५ | अलैची विरुवा खरिद | २००००० | मोटरबाटो निर्माण | २००००० |
| ६ | विद्युत्त पोल खरिद कृषक अध्ययन अवलोकन भ्रमण | १४५०००० | मोटरबाटो निर्माण | १४५०००० |
| ७ | विद्युत्त लाईन विस्तार | ७०००००० | मोटरबाटो तथा खानेपानी आयोजना | ७०००००० |
| ८ | डाँडागाउँ पहिरो नियन्त्रण | २०००००० | गरगरे उदीनढुङ्गा मोटर बाटोमा थप | २०००००० |
| ९ | विद्युत लाईन विस्तार | ५००००० | खानेपानी साविक १,२,४ मा थप | ५००००० |
| | **जम्मा** | **१६४५००००** | **जम्मा** | **१५०५००००** |

| | | |
|---|---|---|
| ६. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन तथा प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रोफाइल तयार गरेको पाइन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा स्रोत नक्सांकन गर्नुपर्दछ । | |
| ७. | **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । यस्तो लक्ष्य प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ८. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले नि:शुल्क रुपमा उपलब्ध गराई सवै स्थानीय तहले सव नेशनल ट्रेसरी रेगुलेटरी एप्लीकेसन, सूत्र (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सफ्टवेयरको प्रयोग नगरी म्यानुली लेखाराख्ने गरेकोखोजेको समयमा तथ्याङ्क नपाउने, समयमै आर्थिक विवरण तयार नहुने हुँदा लेखापरीक्षणमा समेत कठिनाई हुने अवस्था छ । यसबाट समेत गाउँपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनी विश्वस्त हुन सकिएन ।कार्यालयले स्रेस्ता व्यवस्थापनमा र भौचिङ प्रणालीमा विद्युतीय लेखा प्रयोग गर्नुपर्दछ । | |
| ९. | **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुँजीगत खर्च रु.११७२०६४१५ मध्ये आषाढमा मात्र ८१३८९०८० खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा मात्र ७० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । सन्तुलित रुपमा खर्च गर्नुपर्दछ । | |
| १०. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ३१ रहेपनि पदपूर्ति १७ रहेको देखियो । दरवन्दी अनुसार समयमा पदपुर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११. | **राजश्व अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको पाइएन । यसबाट स्थानीय | |

| | | |
|---|---|---|
| | तहको वास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । गाउँपालिकाले आन्तरिक आयको उचित अभिलेखांङ्कन तथा परिचालन गर्न राजश्वकोम अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| १२. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत व्यवस्थित रुपमा तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १३. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको वुंदा नं. १७मा बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकालेसमाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक गरेको पाइएन । यस्तो अभिलेख अद्यावधिक गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १४. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय कर सेवा शुल्क तथा दस्तुर, सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसायी कर, मनोरन्जन कर लगाई आन्तरिक स्रोतलाई मजवुत बनाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कुल बजेटरु. ३१,०६,९८,६८०।०० रहेकोमा आन्तरिक स्रोतबाट रु. ४० लाख (कुल बजेटको १.२९ प्रतिशत) परिचालन गर्ने लक्ष्य राखेकोमा मालपोत रजिस्ट्रेसनबाट रु. ३२०,७३३।०० र सेवा शुल्क दस्तुरबाट रु. ८१६२३९।०० गरी रु. ११,३६,९७२।००उठेकोले लक्ष्यकोतुलनामा ४३ प्रतिशत प्रगति भएको छ । लक्ष्य अनुसार राजस्व उठाउन तथा राजस्वको स्रोत र दायरा सम्बन्धमा अध्ययन गरी आन्तरिक आयलाई मजवुत बनाउनुपर्दछ । | |
| १५. | **मुल्य अभिवृद्धि करः** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय तहले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विलमा समावेश भएको तपसिलमा वमोजिमका करदाताले मू.अ.कर भुक्तानी लिएकोमा मू.अ.कर विवरण तथा उक्त मू.अ.कर दाखिला गरेको देखिएन । यस्ता करदातालाई भुक्तानी भएको मू.अ.करको सम्पूण विवरण खुलाई आन्तरि राजस्व कार्यालयमा पत्राचार गरी सम्बन्धित करदाताले मू.अ.कर दाखिला गरेको सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्ने रु..... | ३००९७८.०० |

| करदाताको नाम | स्था.ले.न. | विल नं. | मिति | भुक्तानी रकम | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| एन्जल निर्माण सेवा | ६०३८९८०० | १७० | ०७५ आषाढ | १२७४४०० | १६५६७२ | नन फाइलर |
| एन्जल निर्माण सेवा | ६०३८९८०० | १९२ | ०७५ आषाढ | ४६०००० | ५९८२६ | नन फाइलर |
| शुभम टेड्स | ३०४९३६२६९ | ६०३ | ०७५ आषाढ | ८५२७७ | ११०८६ | नन फाइलर |
| कालिका इन्जिनियरिङ कन्सल्टेन्सी | ६०५०४२३३९ | ८ | हस्ताक्षर र मिति उल्लेख नभएको | ४९५३४० | ६४३९४ | रीतपूर्वकको विजक जारी नभएको |

| | | |
|---|---|---|
| १६. | **मू.अ.करमा दर्ता नभएकासंग खरिद(भौ.न..०३।२०७५।०३।१९) :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र | |

| | | |
|---|---|---|
| | प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ ।भो.न.३,मिति ०७५।०३।०९ अलैची पकेट संचालन समितिसँग पूँजीगत खर्च रु.८३५००० को सम्झौता भएकोमा उपभोक्ताबाट रु. ३३५,०००।०० र अनुदान ५०००००।०० व्यहोर्ने देखिन्छ । जसमा पाइप खरिद १६ एम एम र २० एम एम खरिद गर्ने लागत अनुमान तयार गरेकोमा मू.अ.करमा दर्ता नभएको एउटै करदाताबाट विभिन्न मितिमा प्यान विलबाट रु. ७४७५०।००पाईप खरिद गरेको देखिन्छ । नियमवमोजिम मू.अ.करमा दर्ता भएका आपुर्तकसँग खरिद गर्नुपर्दछ । | |
| १७. | **सार्वजनिक परिक्षण(भौ.न.१ ।२०७५।०३।१९)** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु. ९३८०००।०० रहेको प्र.म.कृषि आधुनिकीकरण आयोजना अन्तरर्गत कागती पकेट संचालन समिति लुग्री४ मा संचालित आयोजनाको सामाजिक लेखापरीक्षण भएको देखिएन । उपभोक्ता समुहबाट सम्पन्न आयोजनाको ऐनमा भएको व्यवस्था वमोजिम सामाजिक लेखापरीक्षण नहुँदा अनुदानको सही उपयोग भएकोमा विश्वस्त हुन सकिएन । सामाजिक लेखापरीक्षण गराएर मात्र खर्च लेख्नुपर्दछ । | |
| १८. | **गा.पा. कृषि कार्यक्रम (व.उ.शि.न. ८०१७७९३)** : युवा स्वरोजगार कार्यक्रममा छनोट भएका १० जना कृषक सँग मिति २०७५।०२।१४ मा सम्झौता गरी प्रति कृषक ३६३०० को दरले तरकारी खेती गर्ने भनी अनुदान दिएकोमा सो को उपयोग र प्रभावकारीता सम्बन्धमा अनुगमन भएको र प्रतिवेदन तयार गरेको देखिएन । यसरी अनुदान दिएको रकमको उपयोग सम्बन्धमा गाउँपालिका बाट अनुगमन गरी प्रतिवेदन तयार नहुँदा अनुदानको सही सदुपयोग भएको विश्वस्त हुन सकिएन तसर्थ कार्य सम्पादन भएकोअनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु........ | ३६३०००.०० |
| १९. | **गुणस्तर(भौ.न.२२०।०७५।०३।१९)**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सर्जिकल सामान खरिदको लागि १० लाखको सिलबन्दी दरभाउपत्र आह्ववान गरेकोमा ७ फर्मको निवेदन परेको देखिन्छ । जसमध्ये कममूल्य कबोल गर्ने सञ्जिवनी फर्मा घोराई दाङको दरभाउपत्र स्वीकृत भएकोमा लागत अनुमानमा दुईवटा डेलिभरी बेड खरिदको लागि प्रति एकाई लागत रु. ८२०००।००तोकिएको र स्वीकृत सिलबन्दी दरभाउपत्रमा प्रति एकाई ११०००।००उल्लेख भई आएको र सोही वमोजिम खरिद गरिएको देखिन्छ । सामानको स्पेशिफिकेसन उल्लेख नगरी लागत अनुमान भन्दा कम मूल्यको सामान उपलब्ध हुनेगरी पेश गरेको आवेदन स्वीकार गर्दा तोकिएको मापदण्ड र गुणस्तर तथा लागत अनुमानमा उल्लेख भए बमोजिमको सामान प्राप्त भएको सुनिश्चित हुन सकिएन । उक्त डेलिभरी बेड तोकिएको गुणस्तर र मापदण्डमा खरिद भएको प्रमाण पेश गर्नुपर्ने रु........ | २२०००.०० |
| २०. | **तलवी प्रतिबेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम पारित तलवी प्रतिवेदन अनुसार तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु.२३,२९,८०८।००खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित नगरी तलब,ग्रेड र स्थानिय भत्ता भुक्तानी दिदा कर्मचारीहरुले पाउनु पर्ने ग्रेड र स्थानिय भत्ता एकिन हुन सकेन । तलबी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ । | |
| २१. | **अग्रीम कर** :(भो.न.३,२०७५।०५।२८ ) आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।गाउँसभावाट पारित भएको निर्णय अनुसार गाउँपालिका र वडा पालिकामा तोकिएका कर्मचारीहरुलाई अतिरीक्तसमय भत्ता रु.१,६७,५१०.००भुक्तानी गर्दानियमानुसार १५ प्रतिशत कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा १ प्रतिशत मात्र कर कट्टा गरी भुक्तानी दिएको छ । कम कट्टि भएको १४ प्रतिशतले हुने रु. २३,४५२।०० कार्यालय प्रमुखलाई जिम्मेवार बनाई दाखिला गर्नुपर्ने रु...... | २३,४५२.०० |
| २२. | **अतिरिक्त समय भत्ता** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाका निम्न कर्मचारीहरुलाई अतिरिक्त समयको भत्ता वितरण गर्दा कार्यालयमा हाजिर नभएका | ३९४३७.०० |

कर्मचारीहरुलाई समेत रु. ३९,४३७।०० भुक्तानी दिएको छ । यस्तो खर्च लेख्ने कार्यालय प्रमुखलाई जिम्मेबार बनाई दाखिला गर्नुपर्ने रु........

| नाम,थर | कूल भुक्तानी | भुक्तानी रु. | वढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| खरीदार सपना कुमारी चौधरी | ३५५९५.०० | ३१४०८.०० | ४१८७.०० | |
| ले.पा.श्री डायमण्ड खड्का | ३५२५०.०० | | ३५२५०.०० | कार्यालयमा हाजिर नभएको |
| **जम्मा** | | | ३९४३७.०० | |

२३. **सामाजिक सुरक्षा :**गाउँपालिकाले सामाजिक सुरक्षा भक्ता प्राप्त गर्ने लाभग्राहिहरुको विवरण संकलन गरी लगत किताव अद्यावधिक गरी सोही लगतलाई आधार मानी वडा कार्यालयहरुलाई निकासा दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले लगत किताव अद्यावधिक नगरी तथा लाभग्राहीको संख्या एकिन नगरी वडा कार्यालयलाई निकासा दिएको छ । यसरी संख्या एकिन नगरी निकासा दिंदा खर्च यथार्थपरक नहुन सक्ने भएकोले गाउँपालिकाले लगत संकलन गरी लाभग्राहीको संख्या एकिन गरेर मात्र निकासा दिनुपर्दछ ।

२४. **शिक्षा,युवा तथा खेलकुद तर्फ :**गाउँपालिकाले शिक्षकहरुको दरवन्दी, अवकाश,मृत्यु र सरुवा भएका शिक्षकहरुको अद्यावधिक गरी लगत किताव खडा गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यरत शिक्षकहरुको संख्या एकिन गरी लगत तयार गरेको छैन । शिक्षकहरुले माग गरेको संख्याको आधारमा गाउँपालिकाले निकासा दिएको छ । गाउँपालिकामा रहेका सबै विद्यालयहरुको शिक्षक दरवन्दी एकिन गरेर मत्र गाउँपालिकाले निकासा दिने तर्फ ध्यान दिनुपर्दछ । गाउँपालिकाले सबै  विद्यालयहरुको दरवन्दी विवरण एकिकृत गरेर मात्र निकासा दिनुपर्दछ ।

२५. **दोहोरो भत्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले गोकुल माध्यमिक विद्यालयका निम्न कर्मचारीहरुलाई पहिलो किस्ता निकासा दिदा महंगी भत्ता सहित निकासा दिएकोमा दोस्रो किस्तामा समेतमहंगी भत्ता छुट भनी पुन महंगी भत्ता माग गरेको आधारमा रु. ८,०००।०० दोहोरो पर्ने गरी निकासा दिएको छ । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई दाखिला गर्नुपर्ने रु....... ८०००.००

| क.सं | पद | नम,थर | रकम |
|---|---|---|---|
| १ | प्रा.वि.शिक्षक | धनराज वि.क. | ४०००।०० |
| २ | प्रा.वि.शिक्षक | डोर वहादुर विष्ट | ४०००।०० |

२६. **पेश्की :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सिमगिठा खानेपानी तथा सरसफाइ उपभोत्ता समितिवाट सिमगिठा र देउरालीमा कार्यक्रम संचालन गर्न पहिलो किस्ताको रु.३१९०४५५।०० र बलाले खानेपानी तथा सरसफाई उपभोक्ता समितिवाट उल्पू ,घोपी र महेतीमा कार्यक्रम संचालन गर्न पहिलो किस्ताको  रु.२५००४७०।०० पेश्की दिएको छ । सिमगिठा खानेपानी र बलाले खानेपानी उ.स.ले पहिलो किस्ताको पेश्की  फछ्र्यौट गरेपनि आवश्यक बिल भर्पाइ सहित कार्यसम्पन्न प्रतिवेदन पेश गरेको देखिएन । देहाय अनुसार बाँकी देखिएको पेश्की कार्यालय प्रमुखलाई जिम्मेवार बनाई नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु................ १०२४३६६५.००

| **क. सं.** | **गो.भौ नं.र मिति** | **विवरण** (पहिलो र दोस्रो किस्ता) | **रकम** |
|---|---|---|---|
| १. | ५, २०७५।०३।२९ | सिमगिठा खा.पा. तथा सरसफाई उ.स. | ५७४२८१९।०० |
| २. | ६, २०७५।०३।२९ | बलाले खा.पा. तथा सरसफाई उ.स | ४५००८४६।०० |
| **जम्मा** | | | **१०२४३६६५।००** |

२७. **मौज्दात :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा अपनाउनुपर्ने कार्यविधि उल्लेख छ । गाउँपालिकाले  बहुक्षेत्रीय पोषण कार्यक्रममा रु.१२,६२,०००।०० बजेट निकासा प्राप्त गरेकोमा रु.१२५२०००।०० खर्चगरेको छ । बाँकी रु. १०,०००।०० कार्यालय प्रमुखलाई जिम्मेवार गराई संघीय संचित काष दाखिला गर्नुपर्ने रु.... १००००.००

२८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।गाउँपालिकाले देहाय अनुसार उपभोक्ता समितिसँग संझौता गरेको काम निर्माण व्यवसायीबाट गराएको छ। नियम विपरीत भएको कार्य नियमित गर्नुपर्ने रु....... १३३२५७४२.०

| **भौ.न. मिति** | **उपभोक्ता समितिको नाम** | **निर्माण व्यवसायीको नाम** | **लागत अनुमान** | **भुक्तानी रु.** | **कार्य सम्पन्न** |
|---|---|---|---|---|---|
| १६/०७४/११/२२ | सुलिचौर जुतुङमोटरबाटो उ.स. | जानकी निर्माण सेवा, रोल्पा | ३६०००००.०० | २८८००००.०० | ३६७७२२४.०० |
| १७/०७४/११/२३ | जुतुङ खलडाडा मोटरबाटो उ.स. | जानकी निर्माण सेवा, रोल्पा | ३६०००००.०० | ३००००००.०० | ३७६९७०९.२७ |
| १८/०७४/११/२३ | साहुखोला गाउँपालिका भवन रिङरोड मोटरबाटो उ.स. | जानकी निर्माण सेवा, रोल्पा | १४८७२९९.०० | ११५२०००.०० | १४८७२९९.०० |
| २९/०७४/१२/२६ | ढुंगा उचाल्ना भैसा छोपे उद्धिन ढुंगा मोटर बाटो उपभोक्ता समिति | अञ्चली एण्ड लिस्ने कम्पनी प्रालि, रोल्पा | २१२००००.०० | १६५३३४२.०० | २१२००००.०० |
| ३९/०७४/१२/२३ | लालुवाङ राजिवाङ छिउद वडा कार्यालय हुँदै लालली पोखरा मोटरबाटो उपभोक्ता समिति | जानकी निर्माण सेवा, रोल्पा | २८८१०६६.२८ | २३०००००.०० | २८८१०६६.२८ |
| ४०/०७५/२/१७ | आलिवाग आइते मोटरबाटो उपभोक्ता समिति | जानकी निर्माण सेवा, रोल्पा | ४८५७०४६.२१ | २३४००००.०० | ४८५७०४६.२१ |
| | | जम्मा | | १३३२५३४२.०० | |

२९. **खर्च विवरण (भौ.न.१७६।०७५।३।२५) :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा प्रयाप्त पुष्ट्याई हुनुपर्ने उल्लेख छ। कार्यालयले गोवर ग्यास निर्माण गर्ने लाभग्राहीलाई २१४ वोरा सिमेन्टको रु.२७११७०।००खर्च लेखेको छ। लाभग्राहीको विवरण, निर्माण भएको देखिने प्राविधिक मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नगरी खर्च लेख्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाई सोको प्रमाण पेश गर्नुपर्ने रु................ २७११७०.००

३०. **नर्म्स भन्दा वढी भुक्तानी** :अर्थमन्त्रालय कार्य संचालन निर्देशिका २०७३ को वुँदा ७.१.१५ मा सबै प्रकारका तालिमको खर्चको मापदण्ड तथा भ्रमर्ण खर्च तोकी तालिम केन्द्र वाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति। प्रशिक्षकको पारिश्रमिकको हकमा कार्यपत्रको ७०० र कक्षा संचालनको ३५० पारिश्रमिक तोकिएको तथा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने र कार्यपत्रको पाउने व्यवस्था छ। गाउँपालिकाका विषयगत शाखाहरुले गाउँस्तरमा संचालन गर्ने घुम्ती तथा अन्य तालिममा शाखाका प्रशिक्षकहरुले कार्यपत्र र कक्षा संचालन दुबैको पारिश्रमिक लिने गरेको पाइयो। निर्देशिकाले तोकेको नर्म्स भन्दा वढी भुक्तानी गर्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु........ ७८००.००

| भौ.न. । मिति | संचालित तालिम । कार्यक्रमको नाम | प्रशिक्षक कर्मचारी | कार्यपत्र को रु. | प्रशिक्षक भत्ताको रु. |
|---|---|---|---|---|
| ८/०७५/०३/०५ | वाली विकास तर्फ मकै खेती तालिम | प्रा.स.श्री भुपेन्द्र कुमार पाण्डे | २८०० | २४०० |
| ९/०७५/०३/०५ | वालि विकास तर्फ | ना.प्रा.स.श्री थमन वुढा | ३५०० | ३००० |
| २४/०७४/३/२० | कृषि प्रसार | ना.प्र.स.श्री कमला महरा | १४०० | १२०० |
| १/०७४२/२४ | पशु प्रसार | ना.प्र.स.श्री शम्भु पनहर | १४०० | १२०० |
| | **जम्मा** | | ९१०० | ७८०० |

३१. **फिल्ड भत्ता (२१।०७५।३।२९) :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ तथा स्वास्थ्य सेवा संचालन निर्देशिका, २०७४।७५ वमोजिम वास्तवमै फिल्डमा गएको देखिने कागजात संलग्न गरेर मात्र खर्च लेख्न सकिने व्यवस्था छ। कार्यालयले विभिन्न २० स्वास्थ्यकर्मीलाई ८२ पटकको रु. १३४१।४७ का दरले रु. ११०,०००।०० खर्च लेखेको छ। अभियान संचालन भएको, फिल्डमा खटिएको देखिने प्रमाण पेश गर्नुपर्ने रु...... ११००००.००

३२. **लुग्री मेयर कप :** सार्वजनिक खरिद नियमावली नियम १३ मा लागत अनुमान तयार गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले प्रथम लुग्री मेयर कप संचालनका लागि देहाय अनुसार खर्च गरेकोमा लागत अनुमान तयार गरेको पाइएन ।

| **गो.भौ.न.** | **विवरण** | **खर्च रु.** |
|---|---|---|
| १२।०२।३० | खेलकुद पुरस्कार वितरण | ३७९२८५ |
| ४७।०३।२१ | खेलकुद सामग्री खरिद | २२१६४४ |
| ६६।०३।२१ | खाना,खाजा, गाडीभाडा, ड्रेस, इलक्ट्रिक सामान | ७६६५२५ |
| | **जम्मा** | १३६७४५४ |

गाउँपालिकाले लागत अनुमान तयार गरी सो अनुसार खर्च गरेको देखिने प्रतिवेदन, उपस्थिति संख्या खुलाई खर्च गर्नुपर्दछ ।

३३. **औषधि :** नेपाल सरकारद्वारा वितरण हुने औषधिमा "निशुल्क वितरणको लागि" भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । कार्यालयमा औषधिको अभिलेख व्यवस्थित नगरेकोले औषधि खरिद, खर्च र मौज्दातको अवस्था यकिन गर्न सकिएन । देहायका पाँच औषधि परिक्षण गर्दा उक्त लोगो लगाएको देखिएन । औषधिको अभिलेख व्यवस्थित गरी तोकिएवमोजिम लोगो लगाउनु पर्दछ ।

| क.स. | औषधिको नाम | कैफियत |
|---|---|---|
| १ | क्यालामाइन लोसन | (Calamine Lotion) |
| २ | लिग्नोकेन | (Lignocain) |
| ३ | स्प्रीट | (Spirt) |
| ४ | भाइरेक्स पाउडर | (Virex powder) |
| ५ | सि. प्यारासटिमोल | (Sy. paracetamol) |

३४. **वित्तीय जवाफदेहिता मूल्याङ्कनः** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नुपर्ने व्यवस्था छ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा कार्यालयको वित्तीय जवाफदेहिता स्तर "C"ग्रेडिङ्गमा परेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनुपर्दछ ।

३५. **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.७९ हजार, अनियमित बेरुजू रु. १ करोड ३३ लाख २६ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१०लाख ७७ हजार र पेश्की बाँकी देखिएको रु. १ करोड २ लाख ४४ हजार समेत रु. २ करोड ४७ लाख २६ हजार बेरुजू कायम भएको छ । गाउँपालिकाबाट बेरुजुको प्रतिक्रिया प्राप्त भएको छैन ।

३६. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू रु.१३७९७८२।०० फछ्र्यौट गरेको छ । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ५८३८०००.०० | १३७९७८२।०० | ४४५८२१८.०० |

३७. **अद्यावधिक बेरुजु स्थिति** : लुग्रीगाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ४४५८२१८.०० | ० | २७०५५०५२.०० | ३१५१३२७०.०० |

| | | |
|---|---|---|
| | उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण वेरुजु असुल फछ्र्यौट गर्नुपर्दछ । | |

अनुसूची १

# लुग्री गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७४।७५**

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | वाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | रोल्पा | लुंग्री गा.पा. | २५ | १२ | २४७२६ | ० | ० | ० | २५ | १२ | २४७२६ | ७९ | १३३२६ | १०७७ | ० | ० | १४४०३ | ० | १०२४४ | १०२४४ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

**२०७४।७५**

**प्रदेश नम्बर :- ५**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (१+२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (५-९) |
| १. | लुंग्री गाउँपालिका | रोल्पा | ५७६१ | १८४१९० | १११११९० | १५३६ | ३०२६७७ | १४९२६३ | १२५८९० | ७५ | २७५२२८ | २७४४९ |